पाणिनी गाउँपालिका
Panini Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

W744+QGC
9857086520
दुर्गाफाँट, अर्घाखाँची
Durgaphant, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र सङ्ख्या/Letter: ०८०/८१
चलानी नं./Ref No:
मिति/ Date :

## नदीजन्य पदार्थको बिक्रीका लागि शीलबन्दी बोलपत्र आव्हानको सूचना

तेश्रो पटक प्रकाशित मितिः २०८०/१०/०५

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ १(च) मा भएको व्यवस्था, नेपाल सरकारकोढुङ्गा, गिटी, बालुवा उत्दनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, लुम्विनी प्रदेश सरकार नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ तथा पाणिनी गाँउपालिकाको स्वीकृत सार्वजनिक खरीद नियमावली २०७७, राजश्व परामर्श समितिको सिफारिस तथा तथा गाँउ कार्यपालिकाको मिति २०८०/१०/०५ गतेको निर्णयबमोजिम तपशिलमा उल्लेखित खोला/नदी/खहरेहरूको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरी प्रदेश सरकार, लुम्विनी प्रदेशले तोकेको दरमा बि.क्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न राखी तपसिल बमोजिमका शर्तहरूको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

| क्र.सं. | सूचना नं. | विवरण | उत्खनन परिमाण (वार्षिक) घन.फुट | न्यूनतम बोलपत्र रकम ( सेवा शुल्क र मू.अ.कर बाहेक) | बोलपत्र जमानत (धरौटी रकम) | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १. | PRM/A/03(क)/080-81 | पाणिनी-८ पाली स्थित सौर्य खोलाकाबबियार चनौटा बगर क्षेत्र | ६१,७४० घन फूट | ३७०४४०.०० | कबोल अंकको ५ % ले हुने रकम | १०००.०० |
| २. | PRM/A/03(ख)/080-81 | पाणिनी-८ पाली स्थित सौर्य खोलाका भर्लेघाट बगर क्षेत्र | ३७,०४४ घन फूट | २२२२६४.०० | कबोल अंकको ५ % ले हुने रकम | १०००.०० |
| ३. | PRM/A/03(ग)/080-81 | पाणिनी-८ पाली स्थित सौर्य खोलाका तल्लो बेङ्दी र भगेरी डाँडासम्मको बगर क्षेत्र | ७०,५६० घन फूट | ४२३३६०.०० | कबोल अंकको ५ % ले हुने रकम | १०००.०० |
| ४. | PRM/A/03(घ)/080-81 | पाणिनी-८ पाली स्थित सौर्य खोलाका सिसार लामिछाने र टार बगर क्षेत्र | ६१,७४० घन फूट | ३७०४४०.०० | कबोल अंकको ५ % ले हुने रकम | १०००.०० |
| ५. | PRM/A/03(ङ)/080-81 | पाणिनी-८ पाली स्थित सौर्य खोलाका धोविघाट बलेघाट सिम्ले र ठूलो बगर (चाका) सम्मको बगर क्षेत्र | ९५,२५६ घन फूट | ५७१५३६.०० | कबोल अंकको ५ % ले हुने रकम | १०००.०० |

रामनाथ ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. | PRM/A/ 03(च)/080-81 | पाणिनी-८ पाली स्थित सौर्य खोलाका तिनपोरे मधुलेक साईडको दाङ्जा फाँट दुमै क्षेत्र | १७,६४० घन फूट | १०५८४०.०० | कबोल अंकको ५ % ले हुने रकम | १०००.०० |
| ७. | PRM/A/ 05/080-81 | पाणिनी-३ र ५ स्थित सिस्ने खोलाका विभिन्न बगरक्षेत्र | ७६,२२६ घन फूट | ४५७३५६.०० | कबोल अंकको ५ % ले हुने रकम | १०००.०० |
| ८. | PRM/A/ 07/080-81 | पाणिनी-३ खिदिम स्थित दुर्गाफाँट देखि फर्सवा जाने बाटोमा रहेको पहिरो | ५०,८१८ घन फूट | ३०४९०८.०० | कबोल अंकको ५ % ले हुने रकम | १०००.०० |
| ९. | PRM/A/ 08/080-81 | पाणिनी-३ खिदिम स्थित वाक्ले खोला र सौर्य खोला मिसिएको दोभानको फेदीको साईड | १६,९३९ घन फूट | १०१६३४.०० | कबोल अंकको ५ % ले हुने रकम | १०००.०० |

**शर्तहरू:**

१. बोलपत्र फारम दस्तुर बापत यस कार्यालयको राजश्व शाखाबाट माथि उल्लिखित रकम फिर्ता नहुने गरी खरीद गर्न सकिनेछ साथै नगद जम्मा गरेको नगद रसिद साथ निवेदन पेश गरी लुम्बिनी प्रदेश सरकार नदीजन्य पदार्थ ब्यवस्थापन कार्यविधि २०७५ को दफा ७को उपदफा २ बमोजिम यो सूचना प्रकाशन भएको मितिले ७ औं दिनको कार्यालय समयभित्र कार्यालयबाट शिलबन्दी दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। कबोल गरेको अंकको ५% का दरले हुन आउने धरौटी रकम यस कार्यालयको ग्लोबल आइएमई बैंक पोखराथोक शाखामा रहेको ग-३.१ पाणिनी गाउँपालिका धरौटी खाता नं. 21504010000009 मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी ९० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सीलबन्दी खामसाथ पेश गर्नुपर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारमहरूमा उल्लेख भएको सबै विवरणहरू भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, फोन नं. मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सूचना प्रकाशित भएको मितिले ८ औ दिनको १२ बजेभित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नुपर्नेछ।

४. यस गाउँपालिकाका नदी/ खोला तथा नदी/खोलाहरूको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन,२०७४, नेपाल सरकारको ढुङ्गा, गिटी, बालुवा उत्दनन्, बिक्री तथा ब्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, लुम्बिनी प्रदेश सरकार नदीजन्य पदार्थ ब्यवस्थापन कार्यविधि २०७५ तथा पाणिनी गाँउपालिकाको स्वीकृत सार्बजनिक खरीद नियमावली २०७७, यस गाउँपालिकाबाट जारी भएका पाणिनी गाउँपालिकाको संक्षिप्त वातावरणीय तथा प्रारम्भिक



सोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

# पाणिनी गाउँपालिका

Panini Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय

Office of the Rural Municipal Executive

W744+QGC

9857086520

दुर्गाफाँट, अर्घाखाँची
Durgaphant, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


पत्र सङ्ख्या/Letter: ०८०/८१

चलानी नं./Ref No:

मिति/ Date :

वातावरणीय परीक्षण कार्यविधि, वातावरणीय संरक्षण ऐन २०७६, वातावरणीय संरक्षण नियमावली २०७७ , प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट स्वीकृत गरिएको प्रारम्भिक वातावरणिय परीक्षण प्रतिवेदन यस बोलपत्रको अभिन्न अंग मानिने छ ।

५. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नाममा दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्रसम्बन्धी कागजातहरू पेस गर्ने अन्तिम दिनको ०१ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

६. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले ५औं दिन दिनको ०१बजे यस गाउँपालिकाको कार्यालयमा हुनेछ । इच्छुक बोलपत्रदाताहरूले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

७. बोलपत्रसम्बन्धी विस्तृत जानकारी बोलपत्रसम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा सर्तसहित पेस हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले सात (७) दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्रसमेत लिई कबोल अङ्कको प्रथम किस्ता बापतपचास(५०)प्रतिशतले हुन आउने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्ता बापतपचास(५०)प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्तबाणिज्यबैङ्कबाट यस कार्यालयको नाममा कार्यालयले तोकेको समयसम्मको म्याद सहित जारी गरिएको बैङ्क ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेस गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अङ्क, सेवा शुल्क बापत् हुन आउने जम्मा रकमको नियमानुसार थप १३ % भ्याट रकमर १.५ प्रतिशत T.D.S. रकम समेत यस कार्यालयमा बुझाउनु पर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

९. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ । यस गाउँपालिकाका नदी तथा नदीहरूको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ ।

रो[illegible]

प्रमुख प्रशासकीय अधिकृत